नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या :
चलानी नम्बर :

## सूचना

नेपाल सरकार, गृह मन्त्रालय (राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा) सिंहदरवार, काठमाडौंको मिति २०७७।०८।१६ गतेको प्राप्त पत्रानुसार सशस्त्र द्वन्द्वमा घाईते भई अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता प्रतिशत निर्धारण तथा पुनरावलोकन कार्यविधि, २०७४ को दफा ३ बमोजिम यस जिल्लामा कार्यदलको प्रतिवेदनमा नाम समावेश नभएका माओवादी सेनाका घाइते, सशस्त्र द्वन्द्व, ऐतिहासिक जनआन्दोलनका घाइते अपाङ्गहरुको विवरण संकलनको लागि तपशिल बमोजिमका कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले **१५ दिन** भित्र यस कार्यालयमा निवेदन पेश गर्नुहुन भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।

**तपशिलः**

१. व्यहोरा खुलेको निवेदन,
२. सम्बन्धित घटनामा घाइते/अपाङ्ग भएको कुनै प्रमाण वा कागजात,
३. घाइते अपाङ्गताको विवरण पूरा देखिने गरी व्यक्तिको फोटो,
४. आफूसँग भएका एक्सरे रिपोर्ट लगायत अन्य मेडिकल रिपोर्ट,
५. हाल जाँच गरिएको चिकित्सकको प्रेस्किप्सन र परिक्षण गर्ने चिकित्सकको नाम, थर र हस्ताक्षर सहित नेपाल मेडिकल काउन्सिलको दर्ता नम्बर उल्लेख गर्नुपर्ने,
६. सम्बन्धित वडाको सिफारिस,
७. सम्बन्धित व्यक्तिको नागरिकताको फोटोकपी ।

**मितिः २०७७।०८।२५ गते ।**

२०७७।०८।२५
सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी